# सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश डा. श्री कुमार चुडाल
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी
आदेश
०७४-WO-०५२६
मुद्दाः- <u>उत्प्रेषणयुक्त परमादेशसमेत</u>।

जिल्ला ताप्लेजुङ, फुङलिङ नगरपालिका वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने कपिलमुनि न्यौपानेको नाति, दिवाकर न्यौपानेको छोरा यज्ञमणि न्यौपाने..............................१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं...............१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं.................................................१
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार......................१
पशुपति क्षेत्र विकास कोष सञ्चालन परिषद्, सिंहदरबार, काठमाडौं...........१
पशुपति क्षेत्र विकास कोष, गौशाला, काठमाडौं......................................१
महाशिवरात्रि व्यवस्थापन समिति, काठमाडौं..........................................१
पशुपति मन्दिरको मूल पुरोहित (भट्ट)..................................................१
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं............................................१
महानगरीय प्रहरी परिसर, काठमाडौं....................................................१
जिल्ला प्रशासन कार्यालय, काठमाडौं...................................................१
काठमाडौं महानगरपालिका, बागदरबार, काठमाडौं...................................१
गुठी संस्थान, केन्द्रीय कार्यालय, त्रिपुरेश्वर, काठमाडौं.............................१

विपक्षी

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार छः-

## रिट निवेदनको सङ्क्षिप्त तथ्य

१. हिन्दू धार्मिक ग्रन्थहरूमा जन्मदा र मृत्युपछिको संस्कारको सम्झनालाई स्मरण गराउने उद्देश्यले भगवान् शिवका दुई रूपहरूः बाघम्बर र दिगम्बर उल्लेख भएको पाइन्छ। नग्न जीवन जिउने गरेका दिगम्बर स्वरूपको नक्कल गर्नेहरूलाई नागा भनिन्छ। दिगम्बर स्वरूपले मानिस जन्मदा नाङ्गै, केही नलिई जन्मने र मृत्युपश्चात् पनि नाङ्गै, केही नलिई जाने भएकाले व्यभिचारी हुन नहुने, अनैतिक हुन नहुने, सम्पत्तिका नाममा लोभी हुन नहुने भन्ने सन्देश दिन्छ तर हिन्दू धार्मिक ग्रन्थमा भनिएको कुरालाई अपव्याख्या गरी नाङ्गै हिंड्ने र धर्मका नाममा कुप्रथा र रुढीवादी कुरा हिन्दू महिलाहरूको मन मस्तिष्कमा पार्दै शिवरात्रि पर्वमा पशुपति क्षेत्र लगायतका शिवालयमा नेपाली तथा भारतीय साधुहरू नाङ्गै बस्ने र अनेक हर्कत गर्ने गरेको पाइन्छ।

हिन्दू धर्मशास्त्रको गहनतम अध्ययन गर्दा भगवान् शिवरूप भनेको पञ्चशील हो। मूर्तिका रूपमा राखिएका शिवको तस्बिरको शिरमा चन्द्रमा, घाँटीमा नाग बेरिएको र हातमा त्रिशूल बोकेको पाइन्छ। शिवत्त्वको अर्थ भनेको शील, समाधि र ज्ञान हो। जबसम्म यी तीन तत्त्व हुँदैन, तबसम्म शिवत्त्व प्राप्त हुँदैन। शीलभित्र कसैलाई हत्या नगर्नू, झुटो कुरा नबोल्नू, तामसी भोजन नगर्नू, व्यभिचार नगर्नू र चोरी नगर्नू जस्ता पाँच तत्त्वहरू हुन्छन्। यी कुराहरू पूरा गरेपछि शिवत्त्व प्राप्त हुने विश्वास गरिन्छ। घाँटीमा बेरिएको नागको अर्थ मनमा रहेको सर्परुपी विषको दुरुपयोग नगर्नु भन्ने ज्ञानका लागि हो। शिरमा रहेको चन्द्रमाको अर्थ धर्म गंगाले नुहाएपछि पूर्णिमाको चन्द्रमा जस्तो निर्मल र निष्कलङ्क मस्तिष्क राख्नु भन्ने सन्देश दिन्छ। शिवत्त्व प्राप्ति गर्नुभन्दा अगाडिको अवस्था पशुपति हो र शिवत्त्व प्राप्ति पछाडिको अवस्था देवादिदेव महादेव हो। अर्थात् ज्ञानविहीन अवस्था पशुपति, समाधिको खोजीको अवस्था शिवत्त्व र समाधि प्राप्त गरिसकेको अवस्था महादेव हो। पशुपतिनाथ मन्दिर अगाडि राखिएको साँढेको अर्थ मानिस पञ्चशीलमा नरहँदा

पशुहरूभन्दा पनि महापशु हुन्छ। त्यसैले शिव हुँदै महादेवत्व प्राप्त गरौं भन्ने सन्देश दिन भगवान् शिवको पूजा आरधना गर्ने गरिन्छ।

महाशिवरात्रिमा पचासौं हजारभन्दा बढी महिला तथा बालबालिका पशुपति तथा अन्य शिवालयहरूमा जाने गर्दछन्। पुरुषको लिङ्ग शिवरात्रिमा महिलाले हेर्दा पुण्य हुन्छ भन्ने कुरा रुढीवादी बाहेक केही पनि होइन्। विवाह नभएका महिलाले नागा साधुको लिङ्ग छोई ढोग गरी पूजा गर्दा राम्रो पति पाइने, सन्तान नभएका महिलाले ती नागा साधुले उनीहरूका शरीर तथा लिङ्गमा धसेको खरानीको टीका लगाउँदा सन्तानको जन्म हुने तथा अन्य महिलाहरूले नागा साधुको लिङ्गको दर्शन गरी पूजा गरेमा लिङ्गमा दलिएको खरानीको टीका लगाएमा रोग नलाग्ने, लागेको रोग निको हुने, सन्तानबाट सुख हुने जस्ता रुढीवादी भ्रम फैल्याएर महिला तथा बालबालिका र सम्पूर्ण नागरिकमाथि अपमान भइरहेको छ। अझ पशुपति क्षेत्रमा शिवरात्रिका दिन नागा साधुहरूले युवतीलाई लक्षित गरी लिङ्ग ठोक्काउने, लिङ्गमा झुण्डयाइएको घण्टी युवतीहरूलाई ठोक्काउने तथा छेकीछेकी नागा साधुको लिङ्गमा बाँधेको घण्टी बजाउन लगाउने लगायतका यौनजन्य हिंसात्मक क्रियाकलाप घट्ने गरेकोसमेत प्रत्यक्ष तथा सञ्चार माध्यमबाट देखिने गरेको छ। लिङ्गले ढुङ्गा उठाउने, गाडी तान्ने जस्ता अशोभनीय र अमर्यादित कार्य गरी शिवरात्रिलाई नै अमर्यादित बनाइएको पाइन्छ।

साथै, उक्त नागा साधुहरूलाई विपक्षी पशुपति विकास कोषले पारिश्रमिक दिएर भारतबाट ल्याउने तथा खाने, बस्ने र फर्कने भाडासमेत दिने गरेको छ। वि.सं. २०७३ सालको शिवरात्रिमा ३६० जना त्यस्ता नागा साधुलाई प्रतिव्यक्ति रु.३,५००।-(तीन हजार पाँच सय रुपैयाँ) र खाने बस्ने तथा लत्ताकपडा सहित गाडी भाडासमेत दिइएको थियो। विपक्षीको यस्ता अभ्यासबाट नेपाली रकम विदेशिने र राज्यलाई केही फाइदासमेत नपुऱ्याउने हुन्छ। यसले धर्मका नाममा नेपालको अर्थतन्त्रलाई कमजोर बनाउँदै लगेको देखिन्छ।

तसर्थ, शिवरात्रिमा पशुपति क्षेत्र लगायतका शिवालयमा भाङ, धतुरो, गाँजा र चरेस जस्ता लागूपदार्थ सेवन गरेका खरानी दलेका नाङ्गा मानिसहरू बोलाई हिन्दू धर्मावलम्बी शिवभक्त महिला बालबालिकामाथि ती नाङ्गा मानिसको लिङ्गमा दलेको

खरानीको टीका लगाउन लगाउने, तिनीहरूले लिङ्गको प्रयोग गरी विभिन्न अश्लील खेलहरू खेल्न र हेर्न बाध्य बनाउने लगायतका कार्य गरी महिला तथा बालबालिका माथि यौन हिंसा गरी मनोवैज्ञानिक प्रभाव पार्ने कार्य नेपालको संविधानको धारा २६(३), २९(२), ३२(२) र (३), ३८(३) र ३९(६) विपरीतको कार्य भएकोले यस्तो अश्लीलता प्रयोग नगर्नु, शिवरात्रिको अवसरमा पशुपति लगायतका शिवालयहरूमा नागा साधुहरूलाई नाङ्गै हिंड्डुल गर्न, लिङ्गको खरानी दल्ने तथा दलिदिने लगायतका कार्य नगर्नु नगराउनु, रुढीवादी र धार्मिक पर्वका नाममा अश्लीलताको प्रर्दशनकै लागि नेपाली रकम खर्चिएर सीमापारबाट नागा साधुहरू ल्याउने कार्य बन्द गर्नु गराउनू र गाँजा, भाङ र चरेस जस्ता लागूपदार्थ सेवन गर्न नदिनू भनी प्रतिषेधको आदेश जारी गरिपाऊँ। साथै, त्यसरी शिवरात्रिमा नागा साधुहरू प्रयोग गर्ने लगायतका कुनै निर्णय भएको भए त्यस्तो निर्णय उत्प्रेषणको आदेशले बदर गरिपाऊँ। साथै, शिवरात्रिको अवसरमा देशका हरेक शिवालयमा अश्लीलता र महिला हिंसा नहुने गरी साविकदेखि चलेको परम्पराअनुसार संविधान र कानूनले निर्दिष्ट गरेबमोजिम पूजाआजा गर्न दिनु दिलाउनु भन्नेसमेत बेहोराको परमादेश लगायतका अन्य जो चाहिने आज्ञा आदेश जारी गरिपाउनका साथै, सो कार्यलाई महाशिवरात्रि पर्वको अवसरमा समेत निरन्तरता दिने देखिएको हुँदा नागा साधुहरूलाई अश्लील रूपमा लिङ्ग खुल्ला राख्न नदिनु, खुल्ला राखी बस्न नदिनु, नबसाउनु तथा महिला, बालबालिका समेतलाई लिङ्ग छुवाउने, पूजा गराउने तथा लिङ्ग प्रर्दशन गराउने कुनै पनि कार्य नगर्नु, नगराउनु तथा लागूपदार्थ सेवन गर्न नदिनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिपाऊँ भन्नेसमेत बेहोराको निवेदक यज्ञमणि न्यौपानेले यस अदालतमा दायर गरेको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ८, ९ र १० ले महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूको हकमा आफैं वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि

नाघेपछि नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट भएको मिति २०७४।११।०६ को आदेश।

३. शिवरात्रि पर्व हिन्दू धर्ममा आस्था राख्नेहरूको लागि विशेष पर्व भएकोले प्राचीन कालदेखि नै संसारका विभिन्न मुलुकहरूबाट पशुपतिनाथको दर्शनको लागि दर्शनार्थीहरू आउने गरेको पाइन्छ। प्राचीन कालदेखि चलिआएको धार्मिक अनुष्ठानको विषयमा सम्मानित अदालतबाट कुनै आदेश जारी हुने अवस्था नै रहँदैन। जहाँसम्म धर्मको नाममा यौनजन्य हिंसा हुने गरेको भन्ने निवेदन जिकिर छ, तत् सम्बन्धमा नेपाल सरकारले शून्य सहनशीलताको नीति अवलम्बन गरी सो सम्बन्धमा सम्बन्धित निकायमा प्रमाणसहित उजुरी गर्न सकिने र पुष्टि भएमा कारबाही हुने स्पष्ट कानूनी व्यवस्था रहेको हुँदा रिट निवेदन जिकिर निरर्थक छ। नेपाल सरकार, मन्त्रिपरिषद्को के कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको हो? सो सम्बन्धमा स्पष्ट रूपमा उल्लेखसम्म गर्न नसकेको हुँदा विना आधार र कारण यस कार्यालयलाई विपक्षी कायम गरी दायर गरेको रिट निवेदन खारेजी भागी छ भन्नेसमेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट मिति २०७४।१२।०६ मा पेस हुन आएको लिखित जवाफ।

४. संविधानको धारा २६ ले धार्मिक स्वतन्त्रतको हकको प्रत्याभूति प्रदान गरेको र कसैबाट हनन भएमा संवैधानिक उपचारको हक प्रदान गरेको छ। यो हकको संरक्षण हुनु बहुसङ्ख्यक नेपाली र संविधान कै संरक्षण हुनु हो। परापूर्वदेखि अविछिन्न रूपमा संरक्षण र संवर्धन हुँदै आएको यस परम्पराजनित संवैधानिक हकलाई रिट निवेदकले समाप्त पार्न प्रस्तुत रिट निवेदक आएको रहेछ। विपक्षीको रिट निवेदन बहुसंख्यक नेपाली नागरिकको उपरोक्त धर्ममा खलल पार्ने हेतुले परेको छ। विपक्षीको रिट निवेदन दायर गर्ने काम र व्यवहार संविधानको धारा २६(३) ले निषेध गरेको कार्य र व्यवहार हो। यो कार्य संविधानले दण्डनीयसमेत मानेको छ। परम्परागत रूपमा नेपाली समाजमा अश्लीलता भनिने वर्तमान विदेशी टेलिभिजनका दृश्यका विरुद्ध नआई प्रस्तुत धार्मिक विषयका विरुद्ध आएको रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको काठमाडौं महानगरपालिकाको तर्फबाट

मिति २०७४।१२।२५ मा पेस हुन आएको लिखित जवाफ।

५. साबिक धार्मिक परम्पराबमोजिम पर्व, पूजा सञ्चालन गर्नु गराउनु गुठी संस्थानको कर्तव्य हो। साबिक देखिको परम्परा धार्मिक रीतिको जगेर्ना गर्ने कुरामा संस्थानले शिवरात्रिमा परम्पराबमोजिम नागा साधुहरूलाई दान दक्षिणा प्रदान गरी आएको छ। धार्मिक आस्था लिएर आउने तीर्थालुहरूका लागि खान, बस्न वा दक्षिणा दिएर बिदाइ गर्ने प्रचलन रही आएको हुँदा सोहीबमोजिम गुठी संस्थानले परम्पराको निरन्तरता दिएको हो। संस्थानको आफ्नो कर्तव्य पूरा गर्ने कार्यबाहेक अन्य कार्यहरू गरे गराएको छैन। गुठी संस्थान आफैले शिवरात्रि पर्वलाई मर्यादित र व्यवस्थित गरी अश्लीलता रोक्नका लागि विशिष्ठ निकायसँग समन्वय गरी आइरहेको अवस्थामा यस संस्थानको के कस्ता कार्य संविधान विपरीत भएको भन्ने रिट निवेदनमा उल्लेख गर्न सकेको छैन। रिट निवेदकले उठाएको विषयवस्तु सार्वजनिक सरोकारको विषयवस्तु नभएको र कुनै संवैधानिक तथा कानूनी विवाद हुने व्याख्या एवम् विश्लेषण गर्नुपर्ने विषयवस्तु नहुँदा रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वरका तर्फबाट मिति २०७४।१२।२९ मा पेस हुन आएको लिखित जवाफ।

६. हिन्दू धर्ममा आस्था राख्नेहरूको लागि शिवरात्रि विशेष पर्व भएकोले प्राचीन कालदेखि नै संसारका विभिन्न मुलुकहरूबाट पशुपतिनाथको दर्शनको लागि दर्शनार्थीहरू आउने गरेको पाइन्छ। प्राचीन कालदेखि चलिआएको धार्मिक अनुष्ठानको विषयमा सम्मानित अदालतबाट कुनै आदेश जारी हुनुपर्ने होइन। जहाँसम्म धर्मको नाममा यौनजन्य हिंसा हुने गरेको भन्ने निवेदन जिकिर छ, तत् सम्बन्धमा गृह मन्त्रालयले त्यस्तो कार्य हुन नदिन प्रत्येक वर्ष विशेष सुरक्षा व्यवस्था गर्दै आइरहेको छ। निवेदकले उठाएको विषयका सम्बन्धमा सम्बन्धित निकायमा प्रमाणसहित उजुरी गर्न सकिने र पुष्टि भएमा कारबाही हुने स्पष्ट कानूनी व्यवस्था रहेकोमा गृह मन्त्रालयको के कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको हो? सो सम्बन्धमा स्पष्ट रूपमा उल्लेखसम्म गर्न नसकेको हुँदा विना आधार र कारण यस मन्त्रालयलाई विपक्षी कायम गरी दायर गरेको रिट निवेदन खारेज भागी छ

भन्नेसमेत बेहोराको गृह मन्त्रालयका तर्फबाट मिति २०७४।१२।१५ मा पेस हुन आएको लिखित जवाफ।

७. पशुपति क्षेत्र विकास कोष व्यवस्थापन समितिसँग समन्वय गरी महाशिवरात्रि पर्वमा पशुपतिनाथ दर्शनका लागि आउने भक्तजनहरूको शान्ति सुरक्षाको व्यवस्था मिलाउने र तत्काल घट्ने घटना वा शान्ति सुरक्षामा खलल पुऱ्याउने व्यक्ति तथा समूहलाई नियन्त्रणमा लिई दर्शनाभिलाक्षीलाई सहज रूपमा दर्शन गर्न सक्ने वातावरणको सृजना गर्ने, महिला तथा बालबालिका माथि हुने शारीरिक तथा यौनजन्य हिंसा र अपराध नियन्त्रण गर्ने नेपाल प्रहरीको प्रमुख दायित्व हुने भएकोले नेपाल प्रहरी यी विषयहरूमा सधैं प्रतिबद्ध रहेको छ। हालसम्म उल्लिखित जिम्मेवारीहरू त्रुटिरहित तवरबाट पूरा गर्दै आइरहेको छ। प्रस्तुत रिट निवेदनमा निवेदकले प्रहरी प्रधान कार्यालय, नक्साललाई विपक्षी बनाएको भए तापनि निवेदकले विपक्षी बनाइएका प्रहरी प्रधान कार्यालयले यी र यस्ता कार्य गरेकोले उत्प्रेषणको आदेश जारी हुनुपर्दछ भनी रिट निवेदनको कुनै पनि प्रकरणमा उल्लेख गरेको नहुँदा रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको प्रहरी प्रधान कार्यालय, नक्सालका तर्फबाट मिति २०७४।१२।१८ मा पेस हुन आएको लिखित जवाफ।

८. रिट निवेदकले जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई विपक्षी कायम गर्नुपर्ने कारण स्पष्ट गर्न नसक्नुले यस कार्यालयको हकमा प्रस्तुत रिट निवेदन प्रथमदृष्टि नै खारेज भागी रहेकोले खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंका तर्फबाट मिति २०७४।१२।१३ मा पेस हुन आएको लिखित जवाफ।

९. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ बमोजिम स्वशासित र संगठित संस्थाको रूपमा पशुपति क्षेत्र विकास कोषको स्थापना भएको र पशुपति मन्दिर लगायत पशुपति क्षेत्रभित्रका सबै देवदेवीका मन्दिरहरूमा पूजाआजा गर्न, पर्व र उत्सव लगायतका परम्परादेखि चली आएका धार्मिक कार्यहरू र परम्परागत रीतिस्थितिका अन्य कार्यहरू सञ्चालनको व्यवस्था गर्ने गराउने समेतका कार्यहरू गरी कोषको काम कारबाहीको सञ्चालन र रेखदेख पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्बाट हुने गरेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४

बमोजिम तोकिएका कार्यहरू गर्न, गराउन यस मन्त्रालय सदैव सचेत र प्रतिबद्ध रहेको छ। पशुपति क्षेत्र जस्तो ऐतिहासिक र धार्मिक महत्त्वको क्षेत्रमा विपक्षीले जिकिर लिए जस्तो अश्लील र गैरकानूनी काम कारबाही हुन दिने गरी मन्त्रालयस्तरबाट कुनै निर्णय नभएको र प्रचलन र परम्पराबमोजिम यस्ता कार्य भएका रहेछन् भने मन्त्रालयबाट त्यस्ता काम कारबाही नियन्त्रण गर्न आवश्यक निर्देशन दिइने नै हुँदा स्वायत्त र स्वशासित संगठित संस्थाको रूपमा रहेको कोषबाट स्वतन्त्र रूपमा हुनुपर्ने यस्ता कार्यमा मन्त्रालयलाई विपक्षी बनाउन उपयुक्त नहुने हुँदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तर्फबाट मिति २०७४।१२।२३ मा पेस हुन आएको लिखित जवाफ।

१०. पशुपति क्षेत्र विकास कोषले केवल मेला व्यवस्थापन गर्ने हो र गरी आएको पनि छ। नागा साधुहरू तोकिएको निर्दिष्ट स्थानमा मात्र निर्वस्त्र हुने गर्दछन् । उनीहरूले पशुपति मन्दिर परिसर जहाँ मन लाग्यो त्यहाँ वस्त्र खोल्ने गर्दैनन्। निश्चित ठाउँमा कछाड (कपडा) खोली सोही स्थानमा धुनी जगाई भगवान्को आराधना गर्ने हुन्। विपक्षीले दाबी गरेको शिवरात्रिमा आएका नागा साधुहरूलाई जनही ३,५००।- रकम दिने कार्य गरिएको छैन। नेपाल भारतका विभिन्न अखडा तथा मठमन्दिरबाट महाशिवरात्रि पर्व भर्न आएका साधु, सन्त र यस पाशुपत क्षेत्रका महन्त भिखारीहरूलाई बिदाइ दक्षिणाबापत निजहरूको तह/पदअनुसार १०१ देखिमाथि दक्षिणा मात्र दिने गरिँदै आएको छ। धुनी लगाउने नागा साधुहरूलाई सरकारको तर्फबाट दिने गाँजा, भाङ र धतुरो बन्द गरिएको छ। पहिलेदेखि दिइँदै आएका व्याघ्रचर्म, चितुवाचर्म र मृगचर्म जस्ता सामानहरूसमेत दिन बन्द गरिएको छ। पैसा कमाउने वा ठग्ने लोभमा आएका भेषधारी कथित सन्त वा महात्माहरूबाट हुने अवाञ्छित गतिविधिहरू रोक्न त्यस्ता फकिर भेषधारीलाई उचित कारबाही गर्नसमेत कोष कार्यालय पछि नहटेका पर्याप्त दृष्टान्तहरू छन्। विपक्षीको निवेदनमा उल्लेख भए बमोजिमका त्यस प्रकारका कुनै पनि कार्यहरू गरिएका नहुँदा महिला, बालबालिका वा भक्तजनहरूको धर्म र आस्थाप्रति आघात पर्ने वा उहाँहरूलाई अपाच्य हुने त्यस्ता कुनै पनि कामकारबाही यस कार्यालयबाट हुन नदिइएको

अवस्थामा हामी समेतलाई विपक्षी बनाई दायर प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ। साथै, महाशिवरात्रि व्यवस्थापन समिति गठन नभएको अवस्थामा विपक्षीले काल्पनिक रूपमा रिट निवेदनमा विपक्षी उल्लेख गर्दैमा लिखित जवाफ फिराई रहनु नपर्ने भएको हुँदा उक्त गठन नै नभएको समितिका तर्फबाट लिखित जवाफ नफिराइएको बेहोरा पुनः निवेदन गर्दछौं भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका तर्फबाट मिति २०७५।०१।०६ मा पेस हुन आएको लिखित जवाफ।

<u>यस अदालतको आदेश</u>

११. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो।

१२. निवेदक अधिवक्ता श्री यज्ञमणि न्यौपाने तथा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री तुलसीराम पोखरेल, श्री राजिब बास्तोला, श्री पार्वती थापा दियारानी, श्री त्रिलोकबहादुर चन्द, श्री ज्ञानेन्द्रराज आरण, श्री इश्वरीप्रसाद सापकोटा, श्री दिपक अधिकारी, डा. श्री शिवकुमार यादव, श्री टंकप्रसाद रेग्मी, श्री जनकसिंग साउद, श्री शान्तीदेवी खनालले महाशिवरात्रिमा पशुपति क्षेत्र लगायतका शिवालयहरूमा जोगीहरू नाङ्गै बस्ने, आफूलाई नागा साधु भनी भक्तजनलाई बोलाई आफ्नो लिङ्गमा दलेको खरानीको टीका लगाउन लगाउने र लिङ्गको प्रयोग गरी विभिन्न अश्लील खेलहरू सार्वजनिक रूपमा प्रदर्शन गर्दै दर्शनार्थीहरूलाई उक्त खेलहरू हेर्न बाध्य बनाउने कार्यबाट महिला तथा बालबालिका माथिको यौनहिंसा हुन गएको छ। यस्तो कार्य नैतिकता र सार्वजनिक शिष्टाचार समेतको प्रतिकूल हुँदा धर्म, प्रथा वा परम्पराका नाममा स्वीकार्य हुन सक्दैन। सार्वजनिक स्थानमा अश्लीलता प्रदर्शन गर्नु नेपालको संविधानको उल्लङ्घन हो। धार्मिक स्वतन्त्रताको हकले अश्लील अभ्यासलाई मान्यता प्रदान गर्दैन। महाशिवरात्रि जस्ता चाडपर्व एवम् पशुपति क्षेत्रलाई सभ्य र मर्यादित बनाउन तथा धर्म संस्कृति र परम्परालाई उन्नत बनाउनका लागिसमेत शिवरात्रिको अवसरमा पशुपति लगायतका शिवालयहरूमा नागा साधुहरूलाई नाङ्गै हिंड्डुल गर्न निषेध गरिनुपर्ने भएकाले निवेदन माग बमोजिमको आदेश जारी गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित

हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री दीपशिखा मुनाकर्मीले प्राचीन कालदेखि चलिआएको धार्मिक अनुष्ठानको विषयमा अदालतबाट अन्यथा आदेश जारी हुनु उपयुक्त हुँदैन। प्रचलित कानूनले निषेध गरेका कुनै पनि क्रियाकलाप भएमा सम्बन्धित निकायमा प्रमाणसहित उजुरी गर्न सकिने र पुष्टि भएमा कानूनबमोजिम कारबाही हुने कानूनी व्यवस्था रहेको छ। सबै व्यक्तिले आआफ्नो धार्मिक आस्था र विश्वासको अभ्यास स्वतन्त्र रूपमा गर्न पाउँदछन्। धार्मिक अन्धविश्वासका कुराहरू एकाएक परिवर्तन हुन सक्दैन। पशुपति क्षेत्र विकास कोष एक स्वायत्त संस्था भएकाले जात्रा व्यवस्थापन लगायतका कार्यमा कोषले स्वतन्त्र रूपमा व्यवस्थापन गर्ने तथा यस सम्बन्धमा नेपाल सरकारका तर्फबाट कुनै निर्णय नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१४. प्रत्यर्थी काठमाडौं महानगरपालिकाको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री महेशकुमार नेपालले महाशिवरात्रि पर्व तथा पशुपतिनाथ क्षेत्र नेपाली मात्रको नभई विश्वभरका हिन्दू धर्मावलम्बीहरूको धार्मिक आस्थाको केन्द्र हो, परम्परादेखि चलिआएको धार्मिक कृत्य र अभ्यास गर्न पाउने सबै नागरिकको धार्मिक स्वतन्त्रताको हक हो। प्रस्तुत रिट निवेदन नै हिन्दू धर्म र संस्कारमा खलल पार्ने उद्देश्यले दायर गरिएको छ। यस अदालतबाट संविधानप्रदत्त धार्मिक स्वतन्त्रताको हकमा असर पर्ने गरी कुनै आदेश जारी गर्न मिल्दैन। साथै, पशुपति क्षेत्रमा नागा साधुको उपस्थिति लगायतका विषयमा काठमाडौं महानगरपालिकाको कुनै भूमिका नरहने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भनी बहस गर्नुभयो ।

१५. यसमा, निवेदकले रिट निवेदनमा मुख्यत: महाशिवरात्रिको पर्वमा पशुपति क्षेत्र लगायतका देशका अन्य शिवालयहरूमा लागूपदार्थ सेवन गरेका र शरीरभरी खरानी दलेका जोगीहरू आफ्ना गोप्य अङ्ग देखाई नाङ्गै बस्ने र दर्शनार्थी भक्तजनहरूलाई नागा साधुहरूले आफ्नो लिङ्गमा दलेको खरानीको टीका लगाइदिने वा लगाउन बाध्य पार्ने गर्दछन्। निजहरूले मन्दिर परिसर लगायतका सार्वजनिक स्थलहरूमा लिङ्ग देखाई नाङ्गै बस्ने एवम् विभिन्न अश्लील खेलहरू खेल्दा दर्शनार्थी महिला तथा बालबालिका हेर्न बाध्य भई निजहरूमाथि यौन हिंसा हुनुका साथै निजहरूमा नकारात्मक मनोवैज्ञानिक प्रभावसमेत पर्न गएको अवस्था छ। धर्मका नाममा

गरिएका यस्ता अश्लील र सार्वजनिक शिष्टाचार विपरीतका कार्यहरूबाट सर्वसाधारण नागरिकको धार्मिक स्वतन्त्रताको हकमा आघात पुगेको छ। तसर्थ, शिवरात्रिको अवसरमा पशुपति लगायतका शिवालयहरूमा नागा साधुहरूलाई नाँङ्गै हिंड्डुल गर्न तथा लिङ्गको खरानी दल्ने लगायतका कार्य गर्न नदिनु, नागा साधुहरूलाई नेपाली रकम खर्चिएर सीमापारबाट ल्याउने कार्य बन्द गर्नु र गराउनु र लागूपदार्थ सेवन गर्न नदिनू भनी प्रतिषेधको आदेश र सोसम्बन्धी कुनै निर्णय भएको भए त्यस्तो निर्णय उत्प्रेषणको आदेशले बदर गरी शिवरात्रिको अवसरमा देशका हरेक शिवालयहरूमा संविधान र कानूनले निर्दिष्ट गरेबमोजिम पूजाआजा गर्न दिनु, दिलाउनू भनी परमादेश लगायतका अन्य उपयुक्त आदेश जारी गरिपाऊँ भन्नेसमेत बेहोराको दावी लिएको देखिन्छ। विपक्षीहरूको लिखित जवाफ हेर्दा महाशिवरात्रि पर्व हिन्दूहरूको अत्यन्त महत्त्वपूर्ण पर्व हो। यस पर्वमा भगवान् शिवको व्रत उपासना गर्ने तथा पशुपतिनाथको मन्दिरमा विशेष किसिमले पर्व मनाउने शास्त्रीय मान्यता र सनातन परम्परा रही आएको छ। सो अवसरमा सन्न्यासीहरूले अग्नीको उपासना गरी धुनी जगाउँछन्। निजहरूले जहाँ मन लाग्यो त्यहीं वस्त्र खोल्ने नभई निस्चित ठाउँमा कछाड खोली धुनी जगाई भगवान्को आराधना गर्ने गर्दछन्। यो परम्परालाई पनि परिमार्जित र व्यवस्थित गर्दै लगिएको छ। विपक्षीले जिकिर लिए जस्तो अश्लील र गैरकानूनी काम कारबाही हुन दिने गरी कुनै निर्णय भएको छैन। कसैले त्यस्तो क्रियाकलाप गरेमा सम्बन्धित निकायमा प्रमाणसहित उजुरी दिएमा कानूनबमोजिम कारबाही हुने नै छ। सबै व्यक्तिले धार्मिक आस्था र विश्वासको अभ्यास गर्न पाउँछन्। जात्रा व्यवस्थापन लगायतका कार्यमा पशुपति क्षेत्र विकास कोष तथा गुठी संस्थान लगायतले सम्बन्धित निकायसँग समन्वय गरी कार्य गरिरहेका छन्। रिट निवेदकले उठाएको विषयवस्तु सार्वजनिक सरोकारको विषयवस्तुसमेत नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षीहरूले मुख्य लिखित जवाफ जिकिर लिएको देखिन्छ।

१६. उल्लिखित बेहोराको निवेदन तथा लिखित जवाफ जिकिर भएको प्रस्तुत मुद्दामा निवेदक तथा विपक्षीहरू दुवै तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता, विद्वान् अधिवक्ताहरू तथा विद्वान् सहन्यायाधिवक्ताको विद्वतापूर्ण बहस जिकिरसमेत सुनी

प्रस्तुत रिट निवदेनमा देहाय बमोजिमका प्रश्नहरूको सम्बोधन हुनुपर्ने देखिन आयोः-

क) प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु सार्वजनिक सरोकारको विवाद हो वा होइन र रिट निवेदकलाई प्रस्तुत निवेदन दायर गर्ने हकदैया छ वा छैन?

ख) नेपालको संविधानप्रदत्त धार्मिक स्वतन्त्रताको हकले के कस्ता अधिकारहरूलाई समेट्छ र यसका सीमाहरू के रहेका छन् ?

ग) महाशिवरात्रि पर्वमा पशुपतिनाथ मन्दिर परिसरमा साधुहरू कुनै वस्त्र नलगाई नाङ्गै बस्नु अश्लीलताको प्रदर्शन हो वा होइन ?. र यस्तो व्यवहारलाई सार्वजनिक शिष्टाचार र नैतिकता प्रतिकूल मान्न मिल्ने हो वा होइन ?

घ) निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ?

१७. अब, पहिलो अर्थात् प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु सार्वजनिक सरोकारको विवाद हो वा होइन र रिट निवेदकलाई प्रस्तुत निवेदन दायर गर्ने हकदैया छ वा छैन भन्ने प्रश्नतर्फ विचार गर्दा रिट निवेदकले आफ्नो निवेदनमा मुख्यतः महाशिवरात्रि पर्वमा पशुपति क्षेत्र लगायतका शिवालयहरूमा नागा साधुहरू आफ्नो गोप्य अङ्ग नछोपी नाङ्गै बस्ने गरेका र मन्दिर परिसर जस्तो सार्वजनिक स्थलमा नाङ्गै बस्नु सार्वजनिक नैतिकता र शिष्टाचारको विपरीत हुने एवम् यसबाट महिला तथा बालबालिकाहरूउपर नकारात्मक मनोवैज्ञानिक प्रभाव परी यौन हिंसासमेत हुन जाने भएकाले धर्मका नाममा गरिने यस्ता अश्लील क्रियाकलाप हुन नदिन प्रतिषेध लगायतका उपयुक्त आदेश जारी हुनुपर्ने भन्ने मागदाबी लिएको देखिन्छ। विपक्षीहरूले उक्त विषय सार्वजनिक सरोकारको विवाद नभएकोले निवेदकलाई सो विषयमा निवेदन दायर गर्ने हकदैया नै नभएको भनी जिकिर लिएको देखिँदा निवेदकले रिट निवेदनमा उठाएको तथ्यगत प्रश्न (Merit) मा प्रवेश गर्नु पूर्व उक्त विषय सार्वजनिक सरोकारको विषय हो वा होइन र सो विषयमा रिट निवेदन दायर गर्ने हकदैया निवेदकलाई छ वा छैन भन्ने प्रारम्भिक प्रश्नको निरूपण हुनुपर्ने देखिन आयो।

१८. सार्वजनिक सरोकारको विवादको विषयमा यस अदालतले क्षेत्राधिकार ग्रहण गर्ने

सम्बन्धमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) मा "... सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने..." संवैधानिक व्यवस्था रहेको पाइन्छ।

१९. सार्वजनिक हक सरोकारको विवादलाई सामान्य अर्थमा आम जनताको सरोकार वा चासोको विषयका रुपमा लिन सकिने भए तापनि उल्लिखित संवैधानिक व्यवस्थाको आलोकमा हेर्दा जनसाधारणका चासो वा सरोकारका सबै विवादहरूलाई संविधानको धारा १३३ को उपधारा (२) को प्रयोजनका लागि सार्वजनिक सरोकारका विवादका रूपमा लिन मिल्ने देखिँदैन। सार्वजनिक हित वा सरोकारको विषय यी यी हुन सक्ने भनी पूर्ण सूची (exclusive list) तयार गर्न व्यवहारिक रुपमा सम्भव छैन। सार्वजनिक हित वा सरोकारको विषय वा क्षेत्र विवादको प्रकृति, असर तथा प्रभाव आदिका आधारमा तथ्यगत रूपमा एकिन गरिनुपर्ने विषय भन्ने देखिन आउँछ तथापि सामान्यतः देशको शासन व्यवस्था लगायत संवैधानिक व्यवस्थाको कार्यान्वयन, राज्यको आर्थिक, सामाजिक वा सांस्कृतिक र वातावरणीय महत्त्वका विषयहरू, मानव अधिकार, मौलिक हक, कानूनको शासन, सामाजिक न्याय, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता लगायतका विविध विषयहरू सन्दर्भअनुसार सार्वजनिक हित वा सरोकारको विवादका विषय बन्न सक्ने देखिन्छ। अब, उल्लिखित विषयवस्तुलाई पुनः धारा १३३ को उपधारा (२) को आलोकमा हेरौं।

२०. उक्त संवैधानिक व्यवस्थाले कुनै विषयवस्तु केवल सार्वजनिक प्रकृतिको हुनासाथ स्वतः धारा १३३ (२) को क्षेत्राधिकार आकर्षित हुने अवस्था देखिँदैन। यस अदालतको सार्वजनिक सरोकारको विवाद हेर्ने क्षेत्राधिकार आकर्षित हुनका लागि <u>पहिलो:</u> विवादको विषयवस्तु सार्वजनिक प्रकृतिको हुनुपर्छ। अन्तर्यमा व्यक्तिगत लाभ वा स्वार्थ रहेको वा प्रचारबाजी वा लोकप्रियताको उद्देश्य देखिएमा त्यस्तो विषयवस्तुलाई सार्वजनिक सरोकारको विवाद भनी मान्न सकिँदैन। <u>दोस्रो:</u> सार्वजनिक सरोकारको विवादसम्बन्धी क्षेत्राधिकार आकर्षित हुन वास्तविक रुपमा विवाद उत्पन्न भएको हुनुपर्छ। अनुमानित वा काल्पनिक विषयवस्तुलाई विवादको नामाकरण गरी बुद्धिविलास वा बौद्धिक अभ्यासका लागि यो क्षेत्राधिकार आकर्षित हुन सक्तैन र <u>तेस्रो:</u>

विवादको विषयवस्तुमा संवैधानिक वा कानूनी प्रश्न निहित रहेको हुनुपर्छ। विवादको विषय सार्वजनिक प्रकृतिको हुनु र त्यसमा पनि संवैधानिक वा कानूनी प्रश्न निहित हुनु दुई अलग विषय हो। सबै सार्वजनिक सरोकारको विवादमा संवैधानिक र कानूनी प्रश्न निहित नहुन सक्छ। दृष्टान्तका रुपमा सार्वजनिक प्रकृतिको विवादमा निरूपण हुनुपर्ने प्रश्न संवैधानिक वा कानूनी नभई आर्थिक, सामाजिक, साँस्कृतिक वा संवैधानिक वा कानूनी बाहेकका अन्य प्रश्न रहेमा त्यस्ता प्रश्न सन्निहित विवादलाई नेपालको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत सार्वजनिक सरोकारको विवादको रुपमा मान्न मिल्ने देखिँदैन। चौथो: त्यस्तो विवाद न्यायिक निरूपण योग्य हुनुपर्छ। संविधान विशुद्ध कानूनी दस्तावेज मात्र नभई यो एक राजनीतिक प्रणालीलाई निर्देशित गर्ने दस्तावेजसमेत भएको र कतिपय संवैधानिक प्रश्नमा राजनीतिक प्रश्न सन्निहित हुने भएकाले संवैधानिक र कानूनी प्रश्न सम्बोधनबाट मात्र विवाद निरूपण गर्न सकिने (Judicially Manageble) देखिएको अवस्थामा मात्र कुनै पनि रिट निवेदनलाई संविधानको धारा १३३(२) बमोजिमको सार्वजनिक सरोकारको विवाद मान्न सकिन्छ।

२१. साथै, सार्वजनिक सरोकारका विवादमा पनि जुनसुकै विषयमा जो सुकैले उजुरी गर्न पाउने हकदैया राखेको हुन्छ भनी बुझ्न मिल्ने पनि देखिँदैन। यस सम्बन्धमा यस अदालतले अधिवक्ता राधेश्याम अधिकारी विरुद्ध मन्त्रिपरिषद् कार्यालयसमेत भएको रिट निवेदनमा "*सार्वजनिक हक वा सरोकारको विवादमा अदालतसमक्ष निवेदन दिने व्यक्तिको त्यस्तो विवादको विषयसँग सार्थक सम्बन्ध (Meaningful Relation) र तात्विक सरोकार (Substantial Interest) हुनुपर्ने र विवादमा मुछिएको सार्वजनिक हक वा सरोकारको विषयसँग जनसाधारणको प्रतिनिधित्व निजले सही रूपमा गर्न सक्तछ भन्ने कुराको निजले अदालतलाई विश्वास दिलाउनु पर्दछ*"[1] भनी सिद्धान्त कायम गरेको देखिन्छ।

२२. उल्लिखित सैद्धान्तिक तथा विधिशास्त्रीय मान्यताको आलोकमा प्रस्तुत रिट निवेदनमा उठाएको विषयलाई हेर्दा, रिट निवेदकले महाशिवरात्रिको पर्वमा पशुपति क्षेत्र जस्ता सार्वजनिक स्थलमा नागा साधुहरू नाङ्गै बस्दा अश्लील र सार्वजनिक शिष्टाचार

[1] ने.का.प. २०४८, अङ्क १२, नि.नं.४४३०

विपरीत र यसबाट महिला तथा बालबालिका लगायतका दर्शनार्थी भक्तजनमाथि यौन हिंसा हुने तथा धार्मिक स्वतन्त्रताको हकको उपभोगको प्रश्न उठाएको एवम् रिट निवेदक कानून व्यवसायीसमेत देखिँदा सर्वसाधारणको संविधानप्रदत्त हक अधिकारको प्रचलनको विषयमा निजको स्वाभाविक चासो र सरोकारसमेत रहने अवस्था देखिँदा निवेदकले उठाएको विषय सार्वजनिक सरोकारको विषय नै देखिन आयो। प्रस्तुत रिट निवेदन दायर गर्ने क्षेत्राधिकार रिट निवेदकलाई रहेको देखियो।

२३. अब, दोश्रो अर्थात् **नेपालको संविधानप्रदत्त धार्मिक स्वतन्त्रताको हकले के कस्ता अधिकारहरूलाई समेट्छ र यसका सीमाहरू के रहेका छन् ?** भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा, रिट निवेदकले विपक्षी निकायहरूले महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथ मन्दिर प्राङ्गणमा नागा साधुहरूलाई नाङ्गै बस्न दिएबाट सार्वजनिक स्थानमा अश्लीलताको प्रदर्शन भएको एवम् यसबाट महिला बालबालिका लगायतका भक्तजन र दर्शनार्थीको धार्मिक स्वतन्त्रताको हकमा आघात पुऱ्याएको भन्ने प्रश्न उठाएको देखिन्छ। नागा साधुहरूले धर्मको आडमा सार्वजनिक नैतिकता र मर्यादाका विपरीत अश्लीलता प्रदर्शन गरेको भनी उक्त कार्य निषेध गर्न माग गरेको अवस्था छ। विपक्षीहरूले महाशिवरात्रिका दिन भगवान् शिवको पूजा आराधना र उपासना गर्ने विशेष शास्त्रीय मान्यता र सनातन परम्परा रही आएको छ। जसमा नागा सन्न्यासी र साधुहरू शिवभक्तका रूपमा अवस्त्र रही अग्नीको उपासना गरी धुनी जगाउने परम्परा रही आएको भन्ने जिकिर लिएको देखिँदा निवेदकले निषेध गर्न माग गरेको कृत्य धार्मिक अभ्याससँग सम्बन्धित रहेको देखाएकाले सर्वप्रथम धार्मिक स्वतन्त्रताको अधिकार बारेमा संक्षिप्त चर्चा गर्नु आवश्यक देखियो।

२४. नेपालको संविधानको धारा २६ को उपधारा (१) ले धार्मिक स्वतन्त्रताको हकलाई धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसारको धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रतालाई **धार्मिक स्वतन्त्रताका रुपमा** परिभाषित गरी यसलाई मौलिक हकका रूपमा संरक्षण प्रदान गरेको छ। यसैगरी, मुलुकी देवानी संहिता,२०७४ को दफा २०(२)(ज) ले पनि कानूनको अधीनमा रही प्रत्येक नागरिकलाई सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरेको देखिन्छ। **संविधानमा प्रयुक्त "आफ्नो आस्था अनुसारको**

धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता" ले कुनै धार्मिक मतमा विश्वास राख्ने व्यक्तिले आफूले रोजेको धर्म वा आस्था अवलम्बन गर्ने, एक्लै वा अरुसँग मिलेर निजी वा सार्वजनिक रूपमा आफ्नो धार्मिक आस्था प्रकट गर्ने, आफ्नो आस्था वा विश्वासबमोजिम धार्मिक मूल्यमान्यता प्रकट गर्न पूजाआजा गर्ने, धार्मिक कृत्य वा अनुष्ठानको अभ्यास वा अवलोकन गर्ने, धार्मिक नियमको पालना गर्ने तथा धार्मिक विश्वासको प्रचारप्रसार गर्ने लगायतका स्वतन्त्रताहरू समेटेको हुन्छ। साथै, सो हकले धार्मिक आस्था वा विश्वास अभिव्यक्त गर्न विभिन्न पर्व, उत्सव वा समारोहको आयोजना गर्ने, यसका लागि उपयुक्त स्थान निर्माण वा चयन गर्ने तथा यससँग अभिन्न रहेको धार्मिक मान्यता अनुरुपको खानपिन, भाषा र पोसाकसम्बन्धी नियम तथा जीवनका विभिन्न चरणमा गरिने संस्कारजन्य कृत्यहरूलाई समेत संरक्षण प्रदान गरेको हुन्छ। संविधानप्रदत्त धार्मिक स्वतन्त्रताको हक यति व्यापक छ कि यसले केवल धर्मको अवलम्बन र अभ्यास गर्ने हक मात्र संरक्षित गर्ने नभई कुनै पनि धर्मप्रति विश्वास नराख्ने **(Atheist)** वा कुनै पनि धार्मिक सम्प्रदायको अभ्यास अवलम्बन नगर्ने स्वतन्त्रतासमेत समेटेको हुन्छ।

२५. तथापि धार्मिक स्वतन्त्रताको हक पनि सीमा बन्देजविहीन भने छैन। कसैले धार्मिक स्वतन्त्रताको हकको प्रयोग गर्न सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पार्ने जस्ता कार्य गरेमा त्यस्ता कार्य कानूनबमोजिम दण्डनीय मानिन्छन्। धार्मिक स्वतन्त्रताको हकले त्यस्ता कार्य गर्ने छुट दिएको छ भनी बुझ्न मिल्दैन। धार्मिक स्वतन्त्रताको प्रयोग नेपालको संविधानको धारा २६ को उपधारा (३) ले परिभाषित गरेको दायराभन्दा बाहिर गई हुन सक्तैन।

२६. अन्तराष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनी व्यवस्था हेर्दा धार्मिक स्वतन्त्रताको हकलाई प्रायः सबै मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरूले आधारभूत मानव अधिकारको रूपमा परिभाषित गरेको पाइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १८[२] र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी

[२]Universal Declaration of Human Rights, 1948; Article 18 "Everyone has the right to freedom of thought, conscience and religion; this right includes freedom to change his religion or belief, and freedom, either alone or in community with others and in public or private, to manifest his religion or belief in teaching, practice, worship and observance."

अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १८[३] ले व्यक्तिको विचार, अन्तःस्करण र धार्मिक स्वतन्त्रताको हकलाई आधारभूत मानव अधिकारको रूपमा परिभाषित गरेको देखिन्छ। उक्त प्रतिज्ञापत्रको धारा १८ ले प्रत्येक व्यक्तिलाई आआफ्नो आस्था वा विश्वास अनुसारको धर्मको अवलम्बन तथा धार्मिक रीति अनुसारको पूजाआजा वा धार्मिक कृत्यको अवलम्बन र अभ्यास गर्न पाउने हकको प्रत्याभूत गरेको देखिन्छ। उक्त प्रतिज्ञापत्रद्वारा प्रत्याभूत धार्मिक स्वतन्त्रताको हकको व्याख्या गर्दै संयुक्त राष्ट्र संघ अन्तर्गतको मानव अधिकार समितिले प्रतिज्ञापत्रको धारा १८(१) मा प्रयुक्त आस्था, अन्तःस्करण र धर्मको अधिकारलाई "व्यापक प्रभाव भएको र गहन अधिकार (Far-reaching and Profound)"[४] भनेको छ। उक्त समितिले प्रतिज्ञापत्रको धारा १८(१) को व्याख्या गर्दै पूजाआजा (Worship) को अधिकारअन्तर्गत धार्मिक आस्था र विश्वास अभिव्यक्त हुने विभिन्न पर्व, उत्सव र समारोहहरूको आयोजना गर्ने तथा धार्मिक नियमको अभ्यास (Observance and Practice) को अधिकारसमेत समाविष्ट हुने र कुनै पनि व्यक्तिलाई आफूले रोजेको धर्म वा आस्था अवलम्बन गर्ने स्वतन्त्रता कुण्ठित हुने गरी कुनै किसिमले बाध्य नपारिने भनी विहङ्गम दृष्टिकोणमा व्याख्या गरेको पाइन्छ।

२७. यस अतिरिक्त, मानव अधिकार समितिले प्रतिज्ञापत्रको धारा १८ मा प्रयुक्त धार्मिक स्वतन्त्रताको अधिकारले धार्मिक अल्पसङ्ख्यकहरू प्रति भेदभावयुक्त व्यवहार गर्न नहुने र कुनै पनि धर्मका अनुयायी वा कुनै धर्ममा नलागेका स्वतन्त्र व्यक्तिहरू सबैले राज्यबाट समान रूपमा संरक्षण पाउनुपर्ने सम्बन्धमा समेत आफ्नो दृष्टिकोण

---

[३] International Covenant on Civil and Political Rights,1966; Article 18

(1.Everyone shall have the right to freedom of thought, conscience and religion. This right shall include freedom to have or to adopt a religion or belief of his choice, and freedom, either individually or in community with others and in public or private, to manifest his religion or belief in worship, observance, practice and teaching.

2No one shall bo subject to coercion which would impair his freedom to have or to adopt a religion or belief of his choice.

3. Freedom to manifest one's religion or beliefs may be subject only to such limitations as are prescribed by law and are necessary to protect public safety, order, health, or morals or the fundamental rights and freedoms of others.

4.The States Parties to the present Covenant undertake to have respect for the liberty of parents and, when applicable, legal guardians to ensure the religious and moral education of their children in conformity with their own convictions.)

[४] General Comment No.22 (Article 18) in UN Doc.HRI/GEN/1/Rev.5, Compilation of General Comments and General Recommendations adopted by Human Right Bodies, p 144 para 1.

राखेको सन्दर्भ उल्लेख गर्नुसमेत प्रासङ्गिक देखिन आयो।[५]

२८. यस प्रकार, प्रत्येक व्यक्तिले आफ्नो आस्था र धार्मिक विश्वास अनुसारको अभ्यास अनुसरण गर्न पाउने हकलाई मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय कानूनी व्यवस्था एवम् नेपालको संविधान र प्रचलित कानूनले समेत आधारभूत मानव अधिकारका रूपमा संरक्षण प्रदान गरेको देखिन आउँछ। यस स्थितिमा, पशुपतिनाथ मन्दिर वा अन्य शिवालय, आश्रम वा अखडाहरूमा नागा साधुहरूले गरेको व्यवहारलाई सनातन देखि चलिआएको आफ्नो धार्मिक आस्था र विश्वासको अभ्यास वा अनुसरणका रुपमा हेर्नुपर्ने देखियो।

२९. नेपाल एक धर्मनिरपेक्ष राज्य हो। नेपालको संविधानको धारा ४ को उपधारा (१) को स्पष्टीकरण खण्डमा "सनातनदेखि चलिआएको धर्म र संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रतालाई" धर्मनिरपेक्ष भनी परिभाषा गरेको देखिन्छ। संविधानको धारा २६ द्वारा प्रत्याभूत धार्मिक स्वतन्त्रताको हकको व्याख्या ऐ. धारा ४ (१) को स्पष्टीकरणका सन्दर्भमा गरिनुपर्ने देखिन आउँछ। जसअनुसार प्रत्येक व्यक्ति, समुदाय तथा धार्मिक सम्प्रदायहरूमा निहित रहेको परापूर्वदेखि चलिआएको धार्मिक, सांस्कृतिक परम्पराको अभ्यास र अवलम्बन गर्न पाउने अधिकारलाई संविधानले संरक्षण गरेको देखिन आउँछ। वस्तुतः यस्तै विविधतायुक्त अभ्यासबाट नै नेपालको संविधानले परिकल्पना गरेको बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राज्यको अवधारणा साकार हुने भएकाले नागा साधु वा अन्य कुनै खास धार्मिक मत वा सम्प्रदायको सनातनदेखि चलिआएको कुनै खास धार्मिक, सांस्कृतिक अभ्यासलाई निषेध गर्नु नेपालको संविधानले आत्मसात गरेको धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रताको अवधारणा अनुकूल हुने देखिएन। सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण र संवर्धन गर्नु राज्यको कर्तव्य हो। यसका लागि राज्यले आवश्यक सकारात्मक उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ तर राज्यले धार्मिक आस्था अनुसारको धर्मको अवलम्बन र अभ्यास गर्ने स्वायत्ततामा हस्तक्षेप गर्न मिल्दैन। यसो गर्नु संविधानप्रदत्त धार्मिक स्वतन्त्रताको हकमा हस्तक्षेप हुन जाने देखियो।

[५] Ibid,Para 9

३०. अब, नागा साधुहरू पशुपतिनाथ मन्दिर परिसरमा नाङ्गै रहनु उनीहरूको धार्मिक मत वा सम्प्रदाय अनुकूलको अभ्यास हो वा होइन भन्ने प्रसङ्ग पनि हेरौं। शरीरमा कुनै वस्त्र धारण नगरी नाङ्गै बस्ने अभ्यासका पछाडि हिन्दू धार्मिक परम्परा, धर्मशास्त्र तथा वैदिक साहित्य आदिमा देहायका मतहरू उल्लेख भएको पाइन्छः-

क. परमहंस सन्न्यासी परम्पराः हिन्दू धर्मशास्त्र तथा वैदिक साहित्य आदिमा हिन्दू दर्शनको मूल आधार वेदलाई मानिन्छ। वेदले मनुष्य जीवनलाई व्यवस्थित बनाउनका लागि ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास आश्रमको व्यवस्था गरेको पाइन्छ। यसैगरी, अन्य विभिन्न वैदिक धर्मसूत्रहरूमा सन्न्यासीहरूलाई कुटीचक, बहुदक, हंस र परमहंस गरी चार प्रकारमा विभाजन गरेको पाइन्छ।[६] सूतसंहिता, भिक्षुकोपनिषद् र आश्रमोपनिषद् लगायतका वैदिक ग्रन्थहरूमा नागा सन्न्यासीहरूका बारेमा विशद रूपमा वर्णन गर्दै नागा सन्न्यासीलाई परमहंस सन्न्यास परम्पराको एउटा मुख्य धारको रूपमा वर्णन गरिएको पाइन्छ।

आश्रम धर्मका बारेमा विशद वर्णन गरिएको अथर्ववेदीय आश्रमोपनिषद्मा नागा सन्न्यासीहरूको बारेमा उल्लेख गर्दै **परमहंसा नदण्डधराः, मुण्डाः कन्थाकौपीनवाससः अव्यक्तलिङ्गाः, अव्यक्ताचारा अनुन्मत्ता उन्मत्तवदाचरन्तस्त्रिदण्डकमण्डलु ...शून्यागारदेवगृहवासिनो न तेषां धर्मो नाधर्मो न चानृतं सर्वसहा सर्वसमाःसमलोशष्टाश्मकाञ्चनाः यथोपपन्नचातुर्वर्ण्यभैक्षाचर्यं चरन्त आत्मानं मोक्षयन्ते इति।।**[७] भनी दण्ड, कमण्डलु, भिक्षापात्र र जलपात्र इत्यादि केही पनि नलिने, खराउ पनि नलगाउने, कुनै पनि प्रकारको आसन नराख्ने, गेरुवा, लगौंटी र कन्था लगाउने अथवा सो पनि नलगाई अवधूत (नग्न) बस्ने, शिखा, यज्ञोपवीत त्यागेका, अरुले छोडेका, भत्केका पुराना घरमा वा देवताका मन्दिरमा बास बस्ने, माटाका डल्लालाई र सुनका डल्लालाई बराबर मान्ने, भिक्षा मागेर जीवन चलाई मोक्ष सिद्ध गर्ने भनिएको पाइन्छ। यसैगरी आपस्तम्ब धर्मसूत्रले **तस्य मुक्तमाच्छादनं विहितम्।। सर्वतः परिमोक्षमेके।।**[८] भनी सम्पूर्ण वस्त्रको परित्याग गरी नग्न (निर्वस्त्र वा अवधूत) रहने भनिएको छ। गौतम धर्मसूत्रमा

---

[६]-महाभारत, अनुशासन पर्व (१४१।८९)६ वैखानसधर्मसूत्र (८।९)६, लघु- विष्णु (४।१४- २३ आदि

[७] अथर्ववेदीय आश्रमोपनिषद् १।४

८ आपस्तम्व धर्मसूत्रम्,२।९।११-१२।।

पनि **प्रहीणमेके निर्णिज्य।।**[९] भनी सन्न्यासीहरुका लागि कौपीन वस्त्र (लगौटी) समेत त्याज्य छ भनी परमहंस सन्न्यास परम्परामा निर्वस्त्र रहनुलाई शास्त्रीय मत अनुकूल मानेको देखिन्छ।

ख. **ब्रह्मचिन्तनः** हिन्दू धर्म ग्रन्थहरू हेर्दा विषय भोग र सांसारिक भावबाट माथि उठी निरन्तर परमात्माको चिन्तनमा रहेका कतिपय महात्माहरू निर्वस्त्र रहने प्रसङ्गहरू भेटिन्छ। आपस्तम्व धर्मसूत्रमा **"सत्यानृते सुखदुःखे वेदानिमं लोकममुं च परित्यज्याऽऽत्मानमन्विच्छेत्**[१०] भनी सन्न्यासीहरूलाई सत्य र असत्यको, सुख र दुःखको, वेदहरूको, यस लोक र परलोकको परित्याग गरी परमात्माको नै चिन्तन गर्ने भनी वर्णन गरेको पाइन्छ। मनुस्मृतिमा उल्लिखित **अनग्निरनिकेतः स्याद्ग्राममन्नार्थमाश्रयेत्। उपेक्षकोऽशङ्कुसुको मुनिर्भावसमाहितः।**[११] तथा दक्षस्मृतिमा **ध्यानं शौचं तथा भिक्षा नित्यमेकान्तशीलता। भिक्षोश्चत्वारि कर्माणि पञ्चमं नोपपद्यते।।**[१२] भन्ने अभिव्यक्तिले नागा सन्न्यासीहरूले घरपरिवार त्यागी दुःखको समयमा चिन्ता नगरी दृढ रहेर ध्यान, शौच, भिक्षा र एकान्तशीलतामा मात्र समय व्यतीत गर्नुपर्ने भन्ने देखिन आउँछ। यस्तै वसिष्ठधर्मसूत्रमा खुल्ला आकाशमुनि सुत्ने **स्थण्डिलशायी**[१३] महात्माहरूका लागि वस्त्र धारण गर्नु र नगर्नुमा कुनै भेद नभएको भनी व्याख्या गरिएको पाइन्छ। यस्तै प्रसङ्ग महाभारतको शान्ति पर्वमा पनि उल्लेख भएको पाइन्छ। महाभारतको शान्तिपर्वमा **अज्ञातचर्यां गत्वान्यां ततोऽन्यत्रैव संविशेत्**[१४] अर्थात् सधैं अज्ञात भावमा रहेर आत्मचिन्तनमा लागिरहने एवम् **नित्यतृप्तः सुसंतुष्टः प्रसन्नवदनेन्द्रियः। विभीर्जप्यपरो मौनी वैराग्यं समुपाश्रितः।।**[१५] सधैं तृप्त र सन्तुष्ट रहने, कुनै पनि भयलाई आफू नजिक आउन नदिने एवम् वैराग्यको आश्रय लिएर मौन रहने भनी त्यस्ता व्यक्तिहरूका लागि वस्त्र धारण गर्नु र नगर्नुमा कुनै भेद नहुने प्रसङ्ग उल्लेख गरेको पाइन्छ। यसैगरी, हिन्दू धर्मको महत्त्वपूर्ण र पवित्रतम स्रोत सामग्रीका रुपमा स्वीकार गरिएको

---

९ गौतम धर्मसूत्र ३।१८
१० आपस्तम्व धर्मसूत्रम्, २।९।१३।।
११ मनुस्मृतिः ६।४३
१२ दक्षस्मृति ७।३४
१३ वसिष्ठधर्मसूत्र, १०।११
१४ महाभारत, शान्तिपर्व, २७८।१३
१५ महाभारत, शान्तिपर्व, २७८।१५

श्रीमद् भागवतको प्रथम स्कन्धमा भौतिक वा विषय भोगको चिन्तनभन्दा माथि उठी सकल जगतलाई समभावका दृष्टिले हेर्ने महात्माका लागि स्त्री र पुरुपको भेद वा लज्जाको प्रश्न रहँदैन भन्ने गूढार्थ भएको श्लोक पनि प्रस्तुत प्रसङ्गमा उल्लेख गर्नु सान्दर्भिक देखिन आयोः-

तस्य पुत्रो महायोगी समदृङ्निर्विकल्पकः।
एकान्तमतिरुन्निद्रो गूढो मूढ इवेयते।।
दृष्ट्वानुयान्तमृषिमात्मजमप्यनग्नं
देव्यो ह्रिया परिदधुर्न सुतस्य चित्रम्।
तद्वीक्ष्य पृच्छति मुनौ जगदुस्तवास्ति
स्त्रीपुम्भिदा न तु सुतस्य विविक्तदृष्टेः।।[१६]

उल्लिखित वैदिक साहित्यको सन्दर्भ विश्लेषणबाट हिन्दू दर्शनले सांसारिक चिन्तन वा वासनाको जगतभन्दा माथि उठेको, संसारका सबै वस्तुलाई ब्रह्मरूपमा देख्ने, स्त्री पुरुषको भेदभन्दा माथि उठेर समस्त जीवलाई आत्मस्वरूप बोध गर्ने महापुरुषलाई वस्त्र लगाउनु वा नग्न रहनुमा खास भेद नरहने मात्र नभई परमहंस वर्गका सन्न्यासीहरूका लागि निर्वस्त्र रहनु धार्मिक नियमको पालना गरेको भन्नेसमेत देखिन आउँछ।

ग. तपस्या र मोक्षः माथिल्लो तहको तपस्या र योग साधनाद्वारा काम, क्रोध, लोभ, मोह र द्वेष जस्ता मानवीय दुर्गुणहरूलाई जिती समभावको अवस्थामा पुगेका र भगवान् शिवमा विलीन हुने मार्ग अवलम्बन गरेकाहरूको लागि नाङ्गोपन पूर्ण वैराग्य वा मोक्षको प्रतीक मानिन्छ। वस्त्र त्याग गर्नु भनेको लज्जा र अहङ्कारको पनि त्याग हो र सबै प्रकारका भौतिक वस्तुबाट अलग हुनु पनि हो। यो आफैंमा मोक्ष प्राप्तिको एउटा कडा तपस्या मानिन्छ। नागा साधुहरूको नाङ्गो रहने अभ्यासलाई यो मनको चिन्तन र साधनाका रूपमा लिने गरिन्छ।

---

[१६] प्रसङ्ग तथा भावार्थः (महर्षि वेदव्यासका पुत्र शुकदेव जो योगका ज्ञाता, समदृष्टि भएका, सांसारिक भाववाट माथि उठेका र निरन्तर परमात्मामा स्थिर रहेका मानिन्छन्। उनै सुकदेव निर्वस्त्र भएर सन्न्यास लिन जङ्गलतिर जाँदै गरेका र पिता व्यासजी पुत्रलाई फर्काउन पछि पछि गइरहेका अवस्थामा वाटोमा स्नान गरिरहेका महिलाहरूले निर्वस्त्र जवान शुकदेवजीलाई देखेर विना लाज स्नान गरिरहे तर पछि पछि आइरहेका वस्त्र लगाएका वृद्ध वेदव्यासलाई देख्ने वित्तिकै लाजले कपडा लगाए। यो आश्चर्यलाई देखेर वेदव्यासजीले ती स्त्रीहरूलाई यसको कारण सोधे। ती स्त्रीहरूले वेदव्यासजीलाई भने- हे ऋषि, तपाईंको दृष्टिमा अहिले पनि स्त्री र पुरुपको भेदभावना रहेको छ, तर तपाईंका ब्रह्मज्ञानी पुत्र शुकदेवका दृष्टिमा यो भेदभावना छैन। उनका लागि सबै जगत् ब्रह्ममय छ। जसको अगाडि जगत ब्रह्ममय छ उसको अगाडि लाजको के कुरा ? भनी जवाफ फर्काएका थिए।) (श्रीमद् भागवत, प्रथमस्कन्ध, ४।४–५)

यजुर्वेदमा भनिएको "न तस्य प्रतिमा अस्ति यस्य नाम महद् यशः"[१७] ले आफ्नो जीवन ब्रह्मस्वरूप निराकार शिवमा विलीन बनाउने उद्देश्य लिएका साधुहरूको साधनासँग सादृश्य राखेको देखिन आउँछ। जैन धर्म अन्तर्गतको विशेष गरी दिगम्बर सम्प्रदायमा पनि नाङ्गोपनलाई पूर्ण वैराग्य, अहिंसा र साँचो अर्थमा मुक्ति प्राप्तिका लागि अत्यन्त गहिरो धार्मिक र आध्यात्मिक महत्त्व राख्ने अभ्यासका रुपमा पनि लिएको पाइन्छ।[१८]

३१. यस अतिरिक्त नागा साधुहरूले हिन्दू धर्मका मठ, मन्दिर, देवालय आदिको सुरक्षा र हिन्दू धर्मको संरक्षण र संवर्धनमा विशेष योगदान पुऱ्याएको सन्दर्भ पनि ऐतिहासिक सामग्रीहरूमा उल्लेख गरेको पाइन्छ।[१९] डा. पाण्डुरङ्ग वामन काणेले आफ्नो प्रसिद्ध पुस्तक धर्मशास्त्रका इतिहासमा नागा साधुहरूको अभ्यासलाई वैदिक परम्परा भनी उल्लेख गरेको पाइन्छ।[२०] यसबाट नागा साधुहरू निर्वस्त्र रहनुलाई उनीहरूको धार्मिक आस्था र परम्पराको अभिन्न अङ्गका रुपमा रहेको र शरीरमा खरानी लेपन गर्ने, निर्वस्त्र रहने तथा शिवालय आदि विभिन्न धार्मिक स्थलहरूमा विशेष अवसरहरूमा निर्वस्त्र देखा पर्नुलाई उनीहरूको पहिचान र धार्मिक अभ्यासको अभिव्यक्ति (Manifestation of religion) का रुपमा लिनुपर्ने देखियो।

३२. यस स्थितिमा विपक्षीहरू मध्येका पशुपति क्षेत्र विकास कोषले लिखित जवाफमा जिकिर लिएको पशुपतिनाथ मन्दिरमा शिवरात्रि पर्व मनाउने आफ्नै विशेष परम्परा रहेको र सोअनुसार नागा सन्न्यासीहरू अग्नीको उपासना गरी आआफ्नो गुरु परम्पराअनुसार धुनी जगाई हवनसमेत गर्ने र नागाका नामले चिनिने ती सन्न्यासीहरूका लागि नाङ्गै बस्नु वा कपडा लगाउनुले कुनै महत्त्व नराख्ने भनी लिएको जिकिर अन्यथा खण्डित भएको देखिन आएन। अन्य धार्मिक सम्प्रदायहरूको जस्तै नागा साधु/सम्प्रदायको पनि आफ्नै विशिष्ट नियम र अभ्यास देखिएको, उक्त अभ्यास सनातन हिन्दू परम्परा एक अङ्गका रुपमा रहेको देखिएको स्थितिमा महाशिवरात्रि जस्तो भगवान् शिवको आराधना गर्ने विशेष पर्वमा निजहरूलाई

---

१७ शुक्ल यजुर्वेद, ३२-३

१८ Dr.Radhakrishna, *Indian Philosophy, Oxford University Press*

१९ Mrs. Madhu Sharma, "*Indian Naga Sadhus, Tradition, Food Habits, Dress and Ornaments*", International Journal of Trend in Scientific Research and Development, ISSN: 2456-6470 Vol 7, Issue 3, June 2023, 232, 231-251

२० Dr.P.V Kane; History of Dharamasastra: Ancient snd Medival Religious and Civil law in India, Bhandarkar orientel Research Institute, Pune,1962

पशुपतिनाथ मन्दिरको प्राङ्गणमा निषेध गर्नु यस सम्बन्धी आस्था, विश्वास र सनातन परम्परा समेतको विपरीत हुने देखियो। साथै, हिन्दू धर्म अन्तर्गत शैव सम्प्रदायभित्र पनि अत्यन्त न्युन सङ्ख्यामा रहेका नागा साधुहरूलाई शिवालय आदिमा निषेध गर्दा धार्मिक अल्पसङ्ख्यकहरू प्रति भेदभावजन्य व्यवहार (**Religious Persecution**)[२१] हुने र निजहरूको परम्परागत धार्मिक अभ्यासमा समेत हस्तक्षेप हुन जानेतर्फ पनि संवेदनशील हुन आवश्यक देखिन आयो।

३३. अब, महाशिवरात्रि पर्वमा पशुपतिनाथ मन्दिर परिसरमा साधुहरू नाङ्गै बस्नु अश्लीलता हो वा होइन ? र यस्तो व्यवहारलाई सार्वजनिक शिष्टाचार र नैतिकता प्रतिकूल मान्न मिल्ने हो वा होइन? भन्ने तेश्रो प्रश्नतर्फ विचार गरौं। वस्तुतः नग्नता (**Nudity**) र अश्लीलता (**Obscenity**) एकै होइनन्। नग्नता एउटा वस्त्रविहीन शारीरिक अवस्था हो। खासगरी स्तन र यौनाङ्ग आदि नछोपिएको अवस्थालाई नग्नताको रुपमा लिने गरिन्छ। तर अश्लीलता यौनिक उत्तेजना ल्याउने वा सामाजिक सांस्कृतिक दृष्टिले लाजमर्दो र आपत्तिजनक (**Offensive**) अभिव्यक्ति हो। नग्नताका सबै अवस्थालाई अश्लील मान्न सकिँदैन। अश्लीलताको निर्धारण अभिव्यक्तिको सन्दर्भ, त्यसमा निहित उद्देश्य, सामाजिक स्वीकार्यता तथा कानूनी व्यवस्था आदिका आधारमा गरिनुपर्ने हुन्छ। कला/संस्कृति, शैक्षिक उद्देश्य, चिकित्सकीय वा उपचारको प्रयोजनका लागि वा अन्य स्वीकार्य सामाजिक मान्यता अनुरूप यौनाङ्ग देखाउनुलाई अश्लीलताको द्योतक मान्न सकिँदैन। प्राचीन मन्दिरका टुँडालहरूमा कुँदिएका देवदेवीका श्रृङ्गार रसयुक्त कलात्मक चित्र वा सङ्ग्रहालयमा राखिएको नाङ्गो चित्र वा मूर्ति आदिलाई अश्लील मान्न सकिँदैन। अश्लील मानिनका लागि सामान्यतः सामाजिक रूपमा स्वीकार्य मान्यता विपरीत, अशोभनीय र यौनिक दृष्टिले दिग्भ्रमित बनाउने उद्देश्यले गरिएको अभिव्यक्ति वा क्रियाकलाप हुनुपर्ने हुन्छ। तथापि अश्लीलता वैधानिक अवस्थासमेत भएको र यसको कानूनी परिणामसमेत हुने भएकाले अश्लीलताको निर्धारण सम्बन्धित मुलुकको फौजदारी कानूनले परिभाषित गरे अनुरूपको विषयसमेत हुने देखिन आउँछ। अश्लीलता आफैंमा सापेक्ष विषय पनि हो। यसको व्याख्या समय र समाज सापेक्ष

[२१] Jenkins defines **religious persecution** as 'an effort by a government to repress major activities by a given religious group, commonly with the goal of eliminating that group in the long or short term.[21] Philip Jenkins (2007) ***Religion, Repression and Rebellion. Review of Faith and International Affairs*** Baylor University, 2007, 3–1Γ.

हुन्छ। एउटै काम कारबाही वा आचरण कुनै समय, समाज वा सन्दर्भमा श्लील र अर्को समय, समाज वा सन्दर्भमा अश्लील मानिने वा कायम हुन जाने अवस्थासमेत हुने भएकाले केवल शारीरिक रूपमा नाङ्गो हुनुलाई मात्र अश्लीलताको प्रदर्शन भन्न मिल्ने देखिएन।

३४. नेपालको सन्दर्भमा हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२१ मा शारीरिक कामोत्तेजना बढाउने वा कामवासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने आचरण वा क्रियाकलापलाई अश्लीलताको कोटीमा राखेको पाइन्छ। यस आधारबाट हेर्दा कुनै आचरण वा अभिव्यक्ति अश्लील हो वा होइन भन्ने कुराको निर्धारण त्यस्तो अभिव्यक्तिले लक्षित वर्गलाई कामवासनामा आशक्त गराउने लगायत यौनका दृष्टिले दिग्भ्रमित बनाउने क्षमता राख्छ वा राख्दैन भन्ने आधारमा गरिनुपर्ने देखिन आउँछ। यो दृष्टिकोण बेलायतको क्विन्स कोर्ट (Queen's Court) ले सन् १८६८ मा **Regina v. Hicklin**[२२] को मुद्दामा कुनै सामग्रीको अश्लीलताको मापन त्यसले यौन नैतिकताका दृष्टिले संवेदनशील व्यक्तिहरू (Vulnerable) को सोचलाई भ्रष्ट र दूषित गर्ने क्षमता राख्छ वा राख्दैन भन्ने आधारमा गरिनुपर्ने भनी गरेको व्याख्यासँग समरुपको देखिन आउँछ। समकालीन विधिशास्त्रमा यसलाई Hicklin Test on Obscenity भनी अवलम्बन गर्ने गरेको पाइन्छ।

३५. त्यस्तै, अश्लीलताको निर्धारण गर्ने अर्को पक्ष सामाजिक स्वीकार्यता (Community standard test) पनि हो। यस मान्यताले अश्लीलताको पहिचान गर्दा केवल कर्ताको आचरण वा अभिव्यक्तिलाई मात्र नहेरी के कुन सन्दर्भमा के कस्तो उद्देश्यका साथ त्यस्तो अभिव्यक्ति वा आचरण गरेको छ त्यसलाई आर्थिक रुपमा नहेरी समग्रतामा विचार गरिनुपर्ने मान्यता राखेको हुन्छ। यस मान्यतानुसार कुनै कुरा श्लील वा अश्लील के हो भन्ने विषय उक्त काम कारबाही वा आचरण के कुन उद्देश्यले गरिएको हो र सो सम्बन्धमा सामाजिक स्वीकार्यताको स्तर (Community standard test) के छ भन्ने आधारमा निर्धारण गरिनुपर्दछ। भारतीय सर्वोच्च अदालतले सन् १९६४ मा **Ranjit D. Udeshi v. State of Maharastra**[२३] को मुद्दामा र सन्

[२२] Hicklin v. Regina, 1868 LR 3 QB 360
[२३] Ranjit D. Udeshi v. State of Maharashtra, AIR 1965 SC 881

२०१४ मा **Aveek Sarkar v. State of West Bangal** (2014 )[२४] को मुद्दामा नग्नतालाई स्वतः अश्लील मात्र नसकिने र अश्लीलताको निर्धारण नग्नताको आधारमा नभई कुन परिवेशमा के उद्देश्यले त्यस्तो कार्य गरेको हो र सो सम्बन्धमा सामाजिक स्वीकार्यताको स्तर (Community Standard Test) के रहेको छ भन्ने आधारमा निर्धारण गर्नुपर्ने भनी गरेको व्याख्या उद्दरण गर्नु यस प्रसङ्गमा सान्दर्भिक देखिन आयो।

३६. उल्लिखित सैद्धान्तिक तथा विधिशास्त्रीय मान्यताको आलोकमा पशुपतिनाथ मन्दिर परिसरमा नागा साधुहरू नाङ्गै बस्नु अश्लीलताको प्रदर्शन हो वा होइन भन्ने सन्दर्भमा हेर्दा निजहरू नाङ्गै बस्नुको उद्देश्य दर्शनार्थी भक्तजनहरूको कामोत्तेजना बढाउने वा कामवासनामा आशक्त गराउने वा निजहरूको सोचलाई भ्रष्ट र चरित्रहीन गराउने उद्देश्यले नभई सनातन अभ्यास र परम्पराअनुसार भगवान् पशुपतिनाथ प्रतिको भक्ति, समर्पण र साधनाका रुपमा नाङ्गै बसेको भन्ने देखिन आउँछ। यसबाट भक्तजनहरू यौनिक रूपमा दिग्भ्रमित वा चरित्रहीन बन्न पुग्ने वा सोबाट महिला बालबालिका आदि भक्तजनहरूमा यौनहिंसा हुन जाने भन्ने निवेदकको दाबी स्वाभाविक र तर्कसंगत देखिँदैन। साथै नागा साधुहरूको यस किसिमको अभ्यास र व्यवहार सनातनदेखि चलिआएको र यसलाई धार्मिक, सामाजिक र नैतिक मूल्यका दृष्टिले समेत स्वीकार्य नै मानिएको हुँदा नागा साधुहरूले धार्मिक स्थलमा सार्वजनिक नैतिकता र शिष्टाचार विपरीत अश्लीलता प्रदर्शन गरेको भनी मान्न मिल्ने देखिएन।

३७. **अब, प्रस्तुत रिट निवेदन मागदाबी बमोजिम उत्प्रेषण लगायत प्रतिषेध समेतको आदेश जारी हुनुपर्ने हो वा होइन?** भन्ने सम्बन्धमा विचार गर्दा, आराध्यदेव भगवान् पशुपतिनाथ विश्वभर छरिएर रहेका हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र रही आएको छ। महाशिवरात्रिको अवसरमा भारत लगायत संसारका विभिन्न मुलुकहरूबाट दर्शनार्थी भक्तजन भगवान् पशुपतिनाथको दर्शनका लागि आउने र सो क्रममा नागा साधुहरूसमेत आउने परम्परा सदियौंदेखि रही आएको देखिन्छ। श्री पशुपतिनाथ मन्दिरमा महाशिवरात्री पर्व मनाउने आफ्नो विशेष परम्परा गरेको देखिन्छ। सो क्रममा नागा सन्यासी साधुहरू शरीरमा कुनै वस्त्र धारण नगरी गोप्य

---

[२४] Aveek Surkar v. State of West Bangal and others (2014) 4SCC257.

अङ्गसमेत नछोपी शरीर भरी खरानी घसी अग्नीको उपासना गरी धुनी जगाई बस्ने गरेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिए तापनि उक्त कृत्य सनातन धार्मिक अभ्यास र परम्परा बमोजिमको रहेको देखिएको र नागा साधुहरू मन्दिर परिसरमा नाङ्गै रहनुलाई सामाजिक र नैतिक स्वीकार्यताको दृष्टिले समेत अन्यथा नदेखिएको स्थितिमा निजहरूले अश्लीलताको प्रदर्शन गरेको भन्न मिलेन। मेला व्यवस्थापनका क्रममा विपक्षी पशुपति क्षेत्र विकास कोषले नागा साधुहरूलाई खास स्थान वा क्षेत्र तोक्न सक्ने देखिए तापनि निजहरूलाई भगवान् पशुपतिनाथ मन्दिरको परिसरमा प्रवेश नै निषेध गर्दा सनातनदेखि चलिआएको परम्परा नै हस्क्षेप हुन जाने भएकाले नागा साधुहरूलाई पशुपतिनाथ क्षेत्र परिसरमा प्रवेश गर्न निषेध गरिनुपर्ने भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन। साथै, यसरी आउने साधु सन्त जोगी आदिलाई सामान्य दक्षिणा दिई विदाई गर्नु हाम्रो धार्मिक र सामाजिक संस्कार र परम्परासमेत भएको हुँदा सो परम्परालाई समेत रोक्नुपर्ने भन्ने निवेदन जिकिरको पनि तर्कसम्मत आधार देखिएन। सो अवसरमा कसैले कानूनले निषेध गरेको कुनै कामकारवाही गरेमा कानूनबमोजिम कारवाही हुन सक्ने नै हुँदा नागा साधुहरूले कानून विपरीतको कार्य समेत गर्ने गरेका भनी निजहरूको प्रवेश निषेध गर्नुपर्ने सम्मको निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन।

३८. तसर्थः माथि विवेचित आधार, कारण, कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्त समेतका आधारमा निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेशको विद्युतीय प्रति अपलोड गरी मिसिल नियमानुसार बुझाइदिनू।

डा. नहकुल सुवेदी
न्यायाधीश

उक्त आदेशमा म सहमत छु।

डा. कुमार चुडाल
न्यायाधीश

इजलास अधिकृत : सुरेश खतिवडा/जमुना धिताल
अनुसन्धान प्रशिक्षार्थीः रिया रायमाझी
कम्प्युटर अपरेटर : संदिप अवाल

**इति सम्वत् २०८१ भदौ महिना २७ गते रोज ५ शुभम्..............................।**